स्थानीय राजपत्र

देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः १३ मितिः २०७७/०७/०६

भाग — २

देवघाट गाउँपालिका

अर्गानिक मोडेल कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

अर्गानिक मोडेल कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत मितिः २०७७/०७/०२
प्रमाणिकरण मितिः २०७७/०७/०६

प्रस्तावना:

देवघाट गाउँपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अर्गानिक देवघाट गाउँपालिका क्षेत्र घोषणा गर्नको लागी अर्गानिक कृषिका आधारहरु खडा गर्ने निर्णयको व्यवहारिक कार्यान्वयन गर्न, अर्गानिक कृषि प्रविधिको अनुशरण तथा विस्तारको लागि कृषकहरुलाई स्थान विशेष प्रविधिको अवलम्बन एवम् सहजीकरण गर्न, विषादी रहित कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ को उपदफा २ र देवघाट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बमोजिम देवघाट गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद - १

१. **संक्षिप्त नाम र प्रकारः** (१) यस कार्यविधिको नाम **"अर्गानिक मोडेल कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७"** रहेको छ।
(२) यो कार्य विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
क) "गाउँपालिका" भन्नाले देवघाट गाउँपालिका सम्झनु पर्छ।

ख) "कार्यालय" भन्नाले देवघाट गाँउकार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

ग) "अर्गानिक कृषि विज्ञ" भन्नाले कम्तिमा कृषि विषयमा स्नातकोत्तर अध्ययन गरि कम्तिमा दश बर्ष अर्गानिक कृषि क्षेत्रमा अनुभव भएको र अन्यको हकमा कम्तिमा पन्ध्र बर्ष अर्गानिक कृषि क्षेत्रमा अनुभव भएको तथा फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएका राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तित्वलाई सम्झनुपर्छ।

घ) "कार्यक्रम" भन्नाले गाउँपालिकाको स्वीकृत वार्षिक अर्गानिक मोडेल कृषि कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कार्यक्रमलाई सम्झनुपर्छ।

ङ) "अनुदान रकम" भन्नाले अर्गानिक खेतिका लागि आवश्यक सेवा प्रदान गर्नका लागि उपलब्ध गराइने रकमलाई सम्झनुपर्दछ।

च) "संस्था" भन्नाले कानुनी प्रकृया पूरा गरेर नेपाल सरकारका विभिन्न निकायहरु वा प्रदेश सरकारका निकायहरु वा स्थानीय तह अन्तर्गत अधिकारहरु प्राप्त निकायहरुद्धारा विधिवत् रुपमा दर्ता भई प्रमाण पत्र प्राप्त कृषि गैर-सहकारी संस्था, कृषक समूह कृषि फार्म, कृषि उद्यमी तथा कृषि कम्पनी समेत सम्झनु पर्दछ।

छ) "प्रस्ताव" भन्नाले कृषि व्यवसायमा आवद्ध सहकारी, कृषक समुह, कृषि फार्म, कृषि उधमी तथा कृषि कम्पनीले अनुदान प्राप्त गर्नको लागि पेश गरेको कार्ययोजना सहितको आवेदन सम्झनुपर्छ।

ज) "अनुदानग्राही" भन्नाले अनुदान प्राप्त गर्ने कृषि व्यवसायमा आवद्ध सहकारी, कृषक समुह, कृषि फार्म, कृषि उधमी तथा कृषि कम्पनीलाई समेत सम्झनु पर्दछ।

झ) "सामुहिक खेति" भन्नाले सहकारी, कृषक समूह तथा कृषि फार्महरुले सामुहिक रुमा छिमेकी जमिनको भौगोलिक सिमाना मिल्ने वा जमिन एकिकृत गरी वा करारमा जमिन प्राप्त गरी आफ्ना सदस्यहरुलाई प्रत्यक्ष संलग्न गराएर सामूहिक वा व्यक्तिगत जोखिम वहन गर्ने गरी सञ्चालन गरिएको खेतिपाती सम्झनु पर्छ, सो शब्दले सामूहिक जोखिममा गरिने रैथाने बाली, पशुपन्छीपालन, मसलाबाली, च्याउ खेति जस्ता व्यवसाय समेतलाई जनाउँदछ।

परिच्छेद - २
कार्यक्रम सञ्चालन प्रक्रिया

३. अर्गानिक मोडेल कृषि कार्यक्रम कार्यन्वयन विधि अर्गानिक मोडेल कृषि कार्यक्रम कार्यन्वयन विधि देहाय अनुसार हुनेछ ।

१) गाउँपालिकाले कार्यक्रम सञ्चालन गर्न पालिका स्तरिय अनुसूचि - १ बमोजिम अर्गानिक कृषि कार्यक्रम समन्वय समिति गठन गरिनेछ।

२) अर्गानिक कृषि कार्यक्रम समन्वय समितिले अनुसूचि - २ बमोजिम वडा स्तरिय अर्गानिक कृषि कार्यक्रम समन्वय समिति गठन गर्नेछ।

३) गाउँ पालिकास्तरिय अर्गानिक कृषि कार्यक्रम समन्वय समितिले मन्त्रालय, सम्बन्धित कृषि ज्ञान केन्द्रको उपस्थितिमा एक दिने कार्यक्रम आयोजना गरी अर्गानिक मोडेल कृषि कार्यक्रम सञ्चालन

भएको घोषणा गर्नेछ । आवश्यकता अनुसार स्थानीय तहले आर्गानिक क्षेत्र वा समग्र गाउँपालिका बनाउन आफ्नो प्रतिबद्धता सहित कार्यक्रम घोषणा गर्नेछ।

४) गाउँपालिका मातहतका वडासँग समन्वय गरी वार्षिक कार्यक्रमहरु सञ्चालन गर्नेछन्।

४. **सञ्चालन गरिने कार्यक्रमहरुः** अर्गानिक मोडेल कृषि कार्यक्रम अन्तर्गत देहाय अनुसारका कार्यक्रमहरु सञ्चालन गर्नेछन्।

४.१. अर्गानिक मोडेल कृषि फर्म विकासका कार्यक्रम

१) अर्गानिक मोडेल कृषि फर्म विकास कार्यक्रमहरु

- रासायनिक मल, विषादि, हर्मोन तथा मानव निर्मित तत्वहरु रहित खेति प्रणाली अपनाइएको ।
- एकिकृत कृषि फर्म गरेको।
- कम्तिमा बार्षिक रुपमा रु. पच्चिस लाख बराबरको कारोबार हुनुपर्ने ।
- सम्पूर्ण कारोबार बैंकमार्फत गर्नुपर्ने ।
- बाली तथा पशुपन्छी बिमा गरेको।
- कम्पोष्ट मल, भर्मी कम्पोष्ट Shed निर्माण, गोठेमल र भकारो सुधार गरेको।
- वानस्पतिक विषादि बनाउन प्रयोग गरिने कम्तिमा पाँच प्रजातिका विरुवाहरु (१०/१० वटाको दरले) रोपेको।

- आलीकान्ला तथा खेत बारीमा उत्पादित झारपात तथा बनबुट्यान आगो नलगाई कम्पोष्ट बनाई प्रयोग गरेको हुनुपर्ने।
- सिंचाइको राम्रो व्यवस्था भएको।
- स्थानीय स्रोत तथा परम्परागत ज्ञान, सीप र प्रविधिको अधिकतम प्रयोग भएको।
- सहायक उत्पादनको अधिकतम पुन प्रयोग र सदुपयोग गरेको ।
- जग्गाको क्षेत्रफल न्युनतम १० रोपनी र कम्तीमा १० वटा गाई र भैंसी वा १०० वटा भेडा र बाख्रा वा १००० वटा लोकल कुखुरा पालेको ।

२) अर्गानीक मोडेल कृषि फार्म विकासको लागि आवश्यकतानुसार कम्तिमा तीन वर्षसम्म गाउँपालिकाले बजेट विनियोजन गर्न सक्नेछ ।

४.२. अर्गानिक कृषि प्रविधि तथा उत्पादन सामाग्री कार्यक्रमः भकारो सुधार, भर्मिकम्पोष्ट, कम्पोष्ट मल, हरियो मल जैविक मल तथा विषादि, वानस्पतिक विषादि झोलमल, आई.पि. एम. प्रविधि, सुक्ष्म जैविक मल, कोसेवाली, भिरालो जग्गामा खेति प्रविधि, माटो निर्मलीकरण प्रविधि जस्ता कार्यक्रमको लागि मन्त्रालयबाट ७० प्रतिशत अनुदान प्रदान गरिनेछ ।

४.३. क्षमता अभिवृद्धि तालिम कार्यक्रम

१) अर्गानिक कृषि प्रविधि हस्तान्तरण एंव विस्तार गर्न, अर्गानिक कृषि विकास कार्यक्रम संलग्न प्राविधिकहरुको दक्षता बढाउनुका साथै कृषकहरुमा अन्तरनिहित ज्ञान, सीप अभिवृद्धि गर्न मुलतः अर्गानिक कृषि सम्बन्धी निम्नानुसार तालिम सञ्चालन गरिनेछ ।

क्र.सं.	**तालिमको नाम**	**समयावधि**	**तालिम पाठ्यक्रम**
१	प्रशिक्षक तालिम (ToT)	७ दिन	गाउँपालिकाले पाठ्यक्रम तयार गरी आवश्यकतानुसार प्रत्येक वर्ष परिमार्जन गरी कार्यपालिका बाट स्वीकृत गर्ने ।
२	अर्गानिक इन्सपेक्टर तालिम	७ दिन	मन्त्रालयले पाठ्यक्रम तयार गरि आवश्यकतानुसार प्रत्येक वर्ष परिमार्जन गरि सचिवस्तर निर्णयबाट स्वीकृत गर्ने ।
३	अर्गानिक सर्टिफिकेसन तालिम	७ दिन	मन्त्रालयले पाठ्यक्रम तयार गरी आवश्यकतानुसार प्रत्येक वर्ष परिमार्जन गरी सचिवस्तर निर्णयबाट स्वीकृत गर्ने
४	अगुवा कृषक तालिम	५ दिन	पाठ्यक्रम तयार गरी कृषि इकाइ प्रमुख बाट स्विकृत गर्ने।
५	स्थलगत घुम्ति तालिम	१ देखि २ दिन	पाठ्यक्रम तयार गरि कृषि ज्ञान केन्द्र प्रमुखबाट स्विकृत गर्ने।
६	अर्गानिक कृषि पाठशाला	बाली विषेश अवधिभर	मन्त्रालयले पाठ्यक्रम तयार गरी आवश्यकतानुसार प्रत्येक बर्ष परिमार्जन गरी सचिवस्तर निर्णयबाट स्विकृत गर्ने।

७	पुनर्ताजगी तालिम	१-२ दिन	पाठ्यक्रम तयार गरि कृषि तालिम केन्द्र प्रमुखबाट स्विकृत गर्ने।

पुनश्च क्र.सं. १, २ र ३ मा उल्लेख गरिएका तालिमहरु कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र र पशुपन्छी तालिम केन्द्र र कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरुले र क्र.सं. ४, ५, ६ र ७ मा उत्लेखित गरिएका तालिमहरु अनुदानग्राहीले सञ्चालन गर्नेछन ।

२) तालिम कार्यक्रम सञ्चालन गर्दा देवघाट गाउँपालिकाको खर्च मापदण्ड निर्देशिका अनुसार खर्च गर्नुपर्नेछ ।

४.४. संस्थागत विकास, जनचेतना तथा प्रचार कार्यक्रमः

१) विश्व खाद्य दिवस, प्रङ्गारिक कृषि दिवस लगायत अन्य अर्गानिक कृषि सम्बन्धि दिवसहरुः

क) अर्गानिक कृषि सम्बन्धी जनचेतना अभिवृद्धि गर्न र अर्गानिक कृषि प्रवर्द्धन गर्न हौसला गर्न विभिन्न दिवसहरुको अवसर पारे उत्कृष्ट कृषक, व्यापारी, कृषक उद्यमी तथा कृषक समूह र सहकारीलाई सम्मानित गर्दै स्थानीय तह, जिल्ला तथा प्रदेशस्तरमा जनचेतनामूलक कार्यक्रम आयोजना गरी पुरस्कार प्रदान गर्ने ।

ख) कृषक,कृषक समूह, सहकारी तथा कृषि सगं सरोकारवालाहरुको सहभागिता जनचेतनामूलक कार्यक्रम आयोजना गरि पुरस्कार प्रदान गर्ने ।

ग) विद्यार्थीहरु बीच निबन्ध, गीत, कविता, वतृत्वकला, कला प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट विद्यार्थीलाई सम्मानित गर्दै पुस्कार प्रदान गर्ने ।

घ) विद्यार्थीहरुबीच निबन्ध, गीत, कविता, वतृत्वकला, चित्रकला प्रतियोगिताको लागि पुरस्कार रकम देहाय बमोजिम हुनेछ ।

अ) वडास्तरः प्रथम रु. ४०००।, द्धितिय रु. ३०००।, तृतीय रु.२०००।, सान्त्वना रु. १०००। का दरले पुरस्कार प्रदान गर्ने। प्रतियोगिता छनौट समितिका चार सदस्यहरुलाई रु. ५००। का दरले २०००। र प्रतियोगिता आयोजना व्यवस्थापन खर्च रु. ५०००।

आ) गाउँपालिकास्तरः प्रथम रु.१०,०००।, द्धितिय रु. ७०००।, तृतीय रु.५०००।, सान्त्वना रु.३०००। का दरले पुरस्कार प्रदान गर्ने। प्रतियोगिता छनौट समितिका चार सदस्यहरुलाई रु. ५००। का दरले २०००। र प्रतियोगिता आयोजना व्यवस्थापन खर्च रु. ५०००।

२) अर्गानिक कृषि मेला प्रदर्शनीः "देखेपछी विश्वास बढ्छ" भन्ने वास्तविकताको आधारमा कृषकहरुद्धारा उत्पादित कृषि उपजहरु प्रदर्शनमा राखेर उनिहरुबिच प्रतिस्प्रर्धा गराई प्रविधि सिकेर बढी उत्पादन गर्न सकुन भन्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ । अर्गानिक कृषि मेला प्रदर्शनी देहाय अनुसार गर्नुपर्नेछ ।

- स्थानीय चाडपर्व, मेला, महोत्सव आदीको अवसर पारेर कृषि मेला प्रदर्शनी आयोजना गर्न सकिन्छ ।
- प्रदर्शनी गर्ने मिति र स्थान निश्चित गरेपछि व्यापक प्रचार प्रसार गर्नुपर्छ, जसबाट बहुसंख्यक कृषकहरुको सहभागीता होस ।
- यस्तै गरी सहभगीता हुने कृषक समूह, सहकारी तथा निकायहरुलाई अग्रिम जानकारी गराई सहमति लिनुपर्छ ।
- सम्बन्धित कार्यालयले प्रर्दशनी आयोजक समिति गठन गरि विभिन्न कामको जिम्मा लगाउन सकिन्छ।
- कृषकका उत्पादन र प्रविधिहरुले देखाउने प्रर्दशन कक्षको व्यवस्था गर्नुपर्छ।
- प्रदर्शित उत्पादनहरु वीच प्रतिष्पर्धा गराई मुल्याङ्कन टोलीले उत्कृष्टलाई पुरष्कृत गर्नेछ।
- अर्गानिक कृषि मेला प्रर्दशनी कार्यक्रम सञ्चालन गर्न सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्न सकिनेछ।

आर्थिक पक्षः अर्गानिक कृषि उपज सम्बन्धी ६ वटा आईटम रु. ५,०००। (प्रथम रु. २,०००/- द्धितिय रु. १,५००/- तृतीय रु. १,०००/- र सान्त्वना रु ५००/-) का दरले पुरस्कृत गर्न सकिनेछ ।

खर्च नम्सः

पुरस्कारः ३०,०००/-

स्टल निर्माण तथा व्यवस्थापनः १०,०००/-

व्यानर तथा प्रचार प्रसारः ५,०००/-

चियापन तथा व्यवस्थापनः ५,०००/-

कुल जम्माः ५०,०००/-

३) जनचेतनामुलक सन्देश, लिफलेट, पोष्टर, पम्लेट, लेखन प्रकाशन।

४) अर्गानिक कृषि डकुमेन्ट्रि, जिंगल, विज्ञापन, प्लेकार्ड, होडिङ बोर्ड, डिस्प्ले बोर्ड।

४.५. जैविक विविधता रैथाने बाली संरक्षणः चिनो, कागुनो लगायतका स्थानिय रैथाने जातका बालीहरुको उत्पादन तथा प्रवर्द्धन गर्ने कार्यक्रममा मन्त्रालयले ७५ प्रतिशत अनुदान प्रदान गर्नेछ।

५. दफा ३ बमोजिम कार्यक्रम सञ्चालन गर्दा अनिवार्य रुपमा अर्गानिक कृषिको प्रर्वद्धनसँग सम्बन्धित कार्यक्रम हुनुपर्नेछ।

६. अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रम सञ्चालन प्रक्रियाः

१) अनुदान प्रवाह गर्ने निकायः अनुदान प्रवाह गर्ने निकाय गाउँपालिका अन्तर्गतका कार्यालयहरु रहनेछन् ।

२) सुचना प्रकाशन तथा प्रस्ताव आव्हानः

- कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमवालीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची - ३ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी प्रस्ताव आव्वाहन गर्नु पर्नेछ । सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम. बाट समेत सो सम्बन्धी सूचना प्रचार प्रसार गर्न सकिनेछ ।
- प्रस्ताव पेश गर्न इच्छुक कृषि व्यवसाय सँग सम्बन्धित सहकारी/कृषक समूह/निजी फार्म/कृषक उद्यमीले अनुसूची - ४ अनुसारको निवेदन साथ अनुसूची - ५ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ ।

३) आवेदनका लागि चाहिने आवश्यक कागजातः आवेदकले आवेदन साथ निम्न वमोजिम कागजातहरु संलग्न गर्नुपर्नेछः

- संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
- कृषि व्यवसायमा आवद्ध सम्बन्धि सहकारी वा उपभोक्ता समूह वा कृषक समूहले सूचना अवधि भित्र अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रम सञ्चालन गर्न सहकारीको हकमा सञ्चालन समितिको अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि
- अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रम सञ्चालन गर्ने अनुसूची - ४ अनुसारको प्रस्तावना

- सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
- सहकारी र निजी फर्मको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि
- सरकारी र निजी फर्मको हकमा गत आ.व. सम्म कर वुझाएको वा कर छुट भएको भए सम्बन्धि कार्यालयको प्रमाण
- सहकारी संस्थाको तर्फबाट कारोबारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि
- जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि आवश्यक पूर्वाधार निर्माण तथा मेशिनरी औजार खरीदका लागि अनुदानग्राहीले व्यहोर्नु पर्ने लागतको अंश व्यहोर्ने क्षमता तथा प्रतिबद्धता भएको प्रमाणित गर्ने कागजपत्रहरु

७. **अनुदान रकम प्रदान नहुने वा प्रस्ताव रद्ध हुने अवस्थाः** देहाय बमोजिमका अवस्थामा अनुदान रकम प्रदान नहुने वा प्रस्ताव रद्ध हुन सक्नेछ ।

- कार्यविधि र मापदण्ड भन्दा फरक किसिमको कार्यक्रम सञ्चालन गर्न प्रस्ताव पेश भएमा स्वत रद्ध हुनेछ ।
- आवेदन साथ संलग्न भएका विवरणहरुको स्थलगत अनुगमन तथा प्रमाणीकरणको बाट झुटा विवरण पेश भएको पाइएमा सो प्रस्तावलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

- सूचना प्रकाशन भएको मिति भन्दा पछि दर्ता भई आवेदन पेश गर्ने संस्थाहरुलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।
- कार्यक्रम सञ्चालन अवधिमा रासायनिक मल तथा विषादि प्रयोग गर्ने संस्थाको प्रस्ताव जुनसुकै बेला पनि रद्द गर्न सकिनेछ ।

८. **प्रस्तावको मुल्याङ्कन तथा छनौटः** प्रस्तावहरुको मुल्याङ्कन तथा छनौट गर्न प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति गठन गरिनेछ । समितिले स्विकृत आधार र मापदण्ड बमोजिम प्राप्त प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट गर्नेछ। यस्ता छनौटका आधार र मापदण्ड अनुसूचि - ६ मा उल्लेख भए बमोजिम हुनेछ।

९. **प्रस्ताव मूल्याङकन तथा छनौट समितिः** प्रस्ताव मुल्याङ्कन तथा छनौट समिति देहायनुसार हुनेछः

क) विषयसँग सम्बन्धित अधिकृत वा कार्यालय प्रमुखले तोकेको प्रतिनिधि - संयोजक

ख) आर्थिक शाखा प्रमुख, सम्बन्धित कार्यालय - सदस्य

ग) खरिद ईकाइ प्रमुख , सम्बन्धित - सदस्य-सचिव

१) समितिले आवश्यकता अनुसार बैठकमा सम्बन्धित विषय विज्ञहरुलाइ आमन्त्रण गर्न सक्नेछ । समितिले बढिमा तीन वटा बैठकबाट कार्य सम्पादन गरिसक्नु पर्नेछ ।

२) समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहिलाई वस्तुपरक बनाउन समितिका सदस्यहरु मध्ये बाट एक जना संयोजक र बढिमा २ जना सदस्य रहेको उप-समिति गठन गरि

मुल्याङ्कन प्रतिवेदन लिन सक्नेछ। उप-समितिको बैठक बस्नु परेमा बढिमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ ।

३) मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) स्थलगत अध्ययन, अवलोकन गरि प्राप्त प्रस्ताव उपर प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्नेछ ।

ख) आवश्यकता अनुसार उप-समितिलाई छनोट सम्बन्धि अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ । प्रत्यायोजित अधिकार बमोजिमको कार्य सम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिश सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

ग) समितिले समग्र विषयको अध्ययन र विश्लेषण गरी उपयुक्त प्रस्तावहरुको योग्यताक्रम लिष्ट तयार गरि अन्तिम लिष्ट प्रकाशन गर्नेछ ।

घ) समितिले मूल्याङ्कन सम्बन्धी कार्य गर्दा प्रस्ताव पेश भएको अन्तिम मितिले ७ दिन भित्र प्रस्ताव छनौट गरी मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ। उक्त म्याद भित्र छनौट गर्न नभ्याउने भएमा उचित कारण र आधार खुलाई पुनः बढिमा ७ दिनको म्याद थप गर्न सकिनेछ।

ङ) मूल्याङ्कन समितिले मूल्याङ्कन प्रतिवेदन तयार गरिसकेपछि आवश्यक राय तथा सिफारिस सहित कार्यालयका प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

४) कार्यालयले छनौट भएका प्रस्तावहरुको विवरण खुलाइ ७ दिनको म्याद दिई सम्झौता गर्ने आशयको सूचना जारी गर्नु पर्नेछ।

५) छनौटमा परेका प्रस्ताव उपर उजुरी नपरेमा छनौट भएको ८ औं दिन देखि ३ दिन भित्र सम्झौता गर्न आउने गरी छिटो साधन मार्फत सम्बन्धित प्रस्तावकर्तालाई सूचना दिनुपर्नेछ ।

६) छनौट भएका प्रस्ताव उपर उजुरी परेमा ७ दिन भित्रमा उजुरी उपर आवश्यक निर्णय गरी सक्नु पर्नेछ ।

१०. **सम्झौता र भूक्तानीः** अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रम सञ्चालन गर्दा देहाय अनुसार सम्झौता र भुक्तानी हुनेछ ।

१) सम्झौताः अनुदान प्रवाह गर्ने निकायले छनौट भएको अनुदानग्राहीसँग भुक्तानी प्रकृया तथा अनुदानग्राहीको दायित्व स्पष्ट रुपमा उल्लेख भएको सम्झौता अनुसुचि - ७ अनुसार गर्नु पर्नेछ।

२) भुक्तानी विधिः अनुदान रकमको भुक्तानी अनुदानग्राहीको बैंक खाता मार्फत बढिमा ३ किस्तामा गरिनेछ ।

क) सम्झौता भएपछि कार्ययोजना, पेश्कि मागको निवेदन , बैंक सुरक्षण वा २० प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरेपछि पेश्किको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,

ख) ५०% कार्य भएपछि सम्पूर्ण बिल भरपाई सहित पहिलो किस्ता फछ्यौंट गरी जम्मा ३०% पहिलो रनिङ बिलको रुपमा भुक्तानी,

ग) सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी ।

घ) भुक्तानी हुँदाका बखत अनुदानग्राहीले गर्ने लागत सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनु पर्ने तथा सो कुरा बिलहरुमा स्पष्ट देखिएको हुनुपर्नेछ ।

ङ) भुक्तानीका अन्य प्रकृयाहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली तथा अन्य सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ।

च) अनुदानग्राहीले रनिङ्ग बिल तथा तोकिएको कार्यसम्पादन गरी कार्य सम्पन्न बिलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरिवेक्षण तथा प्राविधिक नाँप जाँचको लागि लिखित निवेदन दिएको ७ दिन भित्र कार्यालयले कार्यको अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मुल्याङ्कन (नापँजाँच) गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ ।

३) अनुदान रकमः स्विकृत कार्यक्रम र बजेटको परिधिभित्र रहि प्रस्तावको उपयुक्तताको आधारमा कृषि व्यवसायसँग आवद्द सहकारी , कृषक समुह ,र कृषि उद्दमिरकृषि फार्मरकम्पनिलाई लागत अनुमानको आधारमा बढिमा क्रमशः ७०%, ६०%र ५०% अनुदान रकम प्रदान गरिनेछ । स्वीकृत पूंजिगत अनुदान अन्तर्गत पूर्वाधार निर्माण प्रकृति

कार्यहरुका लागि दिईने अनुदान रकम पाँच प्रतिशत सम्म रनिङ्ग बिलको आधारमा कन्टिन्जेन्सि वापत कट्टा गर्न सकिनेछ ।उक्त कट्टा गरिएको कन्टिन्जेन्सि रकम मन्त्रालय, निर्देशालय र जिल्ला स्थित कार्यालयबाट नियमित रुपमा गरिने अनुगमन निरीक्षण, सूचना प्रकाशन, बैठक, प्रचार प्रसार र प्राबिधिक खर्च आदि शीर्षकहरुमा खर्च गर्नुपर्नेछ।

४) कार्यक्रम सञ्चालनार्थ सम्बन्धित प्राविधिक सेवाका लागि कृषि सेवाको प्राविधिक सहायक स्तरको एक जना कृषि प्राविधिक व्यवस्थापन कृषि शाखा आवश्यक प्रक्रिया पुर्याइ गर्नु पर्नेछ र उक्त प्राविधिकको पारिश्रमिक यसै कार्यक्रम मार्फत भुक्तानी गर्नुपर्नेछ ।बाँकी रहेको कुल अनुदान रकमलाई देहाय बमोजिमका कार्यक्रमहरुमा प्रतिशतका आधारमा प्रस्तावदाताले प्रस्ताव पेश गर्नु पर्नेछ र सोहि वमोजिम भुक्तानी गरिनेछ ।

क) अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रमः (६०%)

ख) अर्गानिक कृषिप्रविधि तथा उत्पादन सामग्रि सहयोग कार्यक्रम (२५%)

ग) क्षमता अभिवृद्धि तालिम कार्यक्रम (१०%)

घ) संस्थागत विकास, जनचेतना तथा प्रचार प्रसार कार्यक्रम (५%)

५) क्षमता अभिवृद्धि सम्वन्धि कार्यक्रम सम्वन्धित सार्वजनिक निकायको जनशक्तिबाट सम्भव नहुने भएमा सार्वजनिक

खरिद ऐन र नियमावलिको परिधि भित्र रहि परामर्श सेवाबाट सञ्चालन गर्न सकिनेछ।

११. **अनुदानग्राही उपभोक्ताले पालना गर्नुपर्ने शर्तः** अनुदानग्राही उपभोक्ताले देहायनुसारका शर्तहरु पालन गर्नु पर्नेछः

१) अनुदानग्राहीले आफ्नो स्विकृत परियोजना सम्बन्धित कामको विवरण, लागत, सम्पन्न अवधि,अपेक्षित उपलब्धि सहितको सार्वजनिक सूचना पाटी कार्यक्रम स्थलमा राखु पर्नेछ।

२) व्यवसाय सुरुवात देखि सञ्चालन सम्बन्धि सम्पूर्ण कार्यको अभिलेख राखेको हुनु पर्नेछ।

३) व्यवसायीले कसैलाई रोजगारी दिएको अवस्थामा करार सम्झौता सहित राखु पर्नेछ र मासिक तलब दिने गरी रोजगारी दिएको अवस्थामा अनिवार्य रुपमा बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४) कार्य सञ्चालनको क्रममा मन्त्रालय र मातहतका कार्यालयहरुबाट दिइएको निर्देशनको पूर्ण रुपमा पालन गर्नु पर्नेछ ।

५) मन्त्रालय र मातहतका कार्यालयले खोजेका बखत अनुदानग्राहीको परियोजना र सञ्चालन कार्य प्रगति हेर्न सक्नेछ र सो कार्य प्रगति देखाउनु सम्बन्धित अनुदानग्राहीको दायित्व हुनेछ ।

६) अनुदानग्राहीले सम्बन्धित बाली र वस्तुको बिमा गराउनु पर्नेछ ।

७) अनुदान रकम भुक्तानीका लागि सार्वजनिक सुनुवाई गरी रंगिन फोटो सहित पेश गर्नुपर्नेछ ।

८) अनुदान उपलब्ध गराईएको कृषि यन्त्र उपकरणहरु तथा भौतिक पुर्वाधारहरु कृषि कार्यको समयमा कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन ।

९) अनुदानबाट प्राप्त कृषि केन्द्र उपकरण औजारहरु तथा भौतिक पूर्वाधारहरुको मर्मत संभार उपभोक्ता स्वयमले गर्नुपर्नेछ ।

१०) अनुदानबाट प्राप्त कृषि औजार उपकरणहरु तथा भौतिक पूर्वाधारहरुको संरक्षण र समुचित प्रयोग गर्ने जिम्मेवारी पूरा नगर्ने उपभोक्तालाई अन्य सेवा सुविधाबाट बञ्चित गरिनेछ। समुचित प्रयोग भएको नपाईएमा अनुदान प्रवाह गर्ने निकायले जुनसुकै बेला औजार उपकरण फिर्ता लैजान सक्नेछ ।

११) अनुदान प्राप्त औजार उपकरणमा अनुदान दिने निकाय तथा अनुदान रकम नमेटिने मसीले लेख्नु पर्नेछ। भौतिक पुर्वाधारहरुमा सार्वजनिक सूचना पाटी राख्नु पर्नेछ ।

१२) कृषि सामाग्री, बीउ तथा औजार उपकरण खरिद गर्दा आधिकारिक स्रोत केन्द्रबाट मात्र खरिद गर्नु पर्नेछ ।

१३) प्रशोधन उधोगमा उत्पादनहरुको गुणस्तर सुनिश्चित गर्नुपर्नेछ । उत्पादनको प्रयोगशाला परिक्षण गराउनु पर्नेछ ।

१४) अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रमबाट उत्पादन भएका उत्पादनहरुको अद्यावधिक विवरण राख्नु पर्नेछ र माग भएका बखत उपलब्ध गराउनु पर्नेछ ।

परिच्छेद — ३
अनुगमन मूल्याङ्कन

१२. अनुगमन मूल्याङ्कन स् कार्यक्रम कार्यन्वयनको क्रममा गाउपालिका कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

परिच्छेद — ४
विविध

१३. **पुरस्कार तथा कार्वाहीको व्यवस्थाः** पुरस्कार तथा कारवाहीको व्यवस्था देहाय अनुसार हुनेछ ।

१) तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्वन्धित कार्यमा संलग्न कर्मचारीलाइ प्रोत्साहन स्वरुप मन्त्रालयबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिनेछ।

२) सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राहीलाई अनुदान रकम उपलब्ध गराइने छैन।

३) अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही गरि सरकारी बाँकि सरह असुल उपर गरिनेछ।

४) यस्ता अनुदानग्राहीहरुलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सुचिमा राखिनेछ ।

द्रष्टव्यः यस कार्य विधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, गाउँपालिका आर्थिक कार्यविधि ऐन, नियमावली, गाउँपालिकाको खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोहि बमोजिम हुनेछ ।

१४. बाधा अड्काउ फुकाउनेः

१) यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकाको हुनेछ।

२) यस कार्यविधिई आवश्यकता अनुसार गाउँपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

अनुसूचि — १
(दफा ३ को उपदफा १ सँग सम्बन्धित)

गाउँपालिकास्तर अर्गानिक कृषि कार्यक्रम समन्वय समिति गठन तथा काम कर्तव्य र अधिकार

१) गाउँपालिकास्तर अर्गानिक कृषि कार्यक्रम समन्वय समितिः

क) गाउँपालिका अध्यक्ष	- संयोजक
ख) गाउँपालिका उपाध्यक्ष	- सह-संयोजक
ग) कृषि शाखा हेर्ने प्रमुख	- सदस्य
घ) पशुपंक्षि विकाश शाखा प्रमुख	- सदस्य
ङ) स्थानीय तहमा कार्यरत संघसस्थाको प्रतिनिधि	- सदस्य
च) अगुवा कृषक प्रतिनिधि १ जना	- सदस्य
छ) कृषि सहकारी प्रतिनिधि	- सदस्य
ज) निजी फर्म प्रतिनिधि १ जना	- सदस्य
झ) एग्रोभेट प्रतिनिधि १ जना	- सदस्य
ञ) प्रमुख प्रशासकीय अधिकृत	- सदस्य-सचिव

नोटः- समितिको बैठक बर्षमा कम्तिमा ३ पटक बस्नेछ र समितिले आवश्यकता अनुसार बैठकमा अर्गानिक कृषि विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

२) काम कर्तव्य र अधिकारः

- अर्गानिक कृषि कार्यक्रम सञ्चालन र अर्गानिक कृषि प्रवर्द्धनको लागि समन्वयको रुपमा काम गर्ने ।

- समग्र गाउँनगर पालिकाको अर्गानिक कृषिको अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन योजना निर्माण गर्न सुझाव दिने ।
- कृषि क्षेत्रमा कार्यरत विभिन्न संघसस्थाहरु, सेवाप्रदायकहरु समन्वय सहकार्य गर्ने ।
- समग्र गाउँनगर पालिकाको अर्गानिक कृषि कार्यक्रमको अनुगमन, सुपरिवेक्षण गर्ने ,
- रासायनिक मल र रासायनिक विषादिको नियन्त्रण र नियमन गर्ने ।
- कृषि ज्ञान केन्द्र, भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र तथा प्रदेश भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग समन्वय र सहकार्य गर्ने

अनुसूचि - २
(दफा ३ को उप दफा २ सँग सम्बन्धित)

वडास्तरिय अर्गानिक कृषि कार्यक्रम समन्वय समिति तथा काम कर्तव्य र अधिकार

१) वडास्तरिय अर्गानिक कृषि कार्यक्रम समन्वय समितिः

क) सम्बन्धीत वडा अध्यक्ष - अध्यक्ष

ख) स्थानिय तहमा कार्यरत संघसस्थाको प्रतिनिधि १ जना - सदस्य

ग) अगुवा कृषक प्रतिनिधि १ जना - सदस्य

घ) कृषि सहकारी प्रतिनिधि २ जना - सदस्य

ङ) फर्म प्रतिनिधि १ जना - सदस्य

च) शिक्षक प्रतिनिधि १ जना - सदस्य

छ) कृषि प्राविधिकरकृषि विज्ञ - सदस्य

ज) वडा सचिव वा वडाध्यक्षले तोकेको कर्मचारी - सदस्य-सचिव

नोटः- समितिको बैठक वर्षमा कम्तिमा ३ पटक वस्नेछ र समितिले आवश्यकता अनुसार बैठकमा अर्गानिक कृषि विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

२) काम कर्तव्य र अधिकारः

- अर्गानिक कृषि कार्यक्रम सञ्चालन र अर्गानिक कृषि प्रवर्द्धनको लागि वडास्तरको समन्वयको रुपमा काम गर्ने ।

- वडास्तरको अर्गानिक कृषिको अल्पकालीन, मध्यकालीन तथा दिर्घकालीन कार्यक्रम र योजना निर्माण गरि वार्षिक कार्यक्रममा समावेश गर्न गाउँपालिकामा सुझाव पेश गर्ने ।
- कृषि क्षेत्रमा कार्यरत विभिन्न संघसस्थाहरु, सेवा प्रदायकहरु समन्वय सहकार्य गर्ने ।
- वडास्तरको अर्गानिक कृषि कार्यक्रमको अनुगमन, सुपरिवेक्षण गर्ने ।
- रासायनिक मल र रासायनिक विषादिको नियन्त्रण र नियमन गर्ने ।
- गाउँपालिकाकासँग समन्वय र सहकार्य गर्ने ।

अनुसूचि - ३
(दफा ६ को उप दफा २(क) सँग सम्बन्धित)

अर्गानिक मोडेल कृषि कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हानको सूचना ।

सूचना । सूचना ।। सूचना ।।।

यस .... को आर्थिक वर्ष .... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार .... अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा .... जिल्लाका इच्छुक कृषक समुह, कृषि सहकारी, कृषि फार्म, उद्यमी कृषक गैरस बाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले .... दिन भित्र .... कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धि थप जानकारीका लागि .... मा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजात

- अनुसूचि ४ अनुसारको निवेदन
- संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
- कृषि व्यवसायमा आवद्ध सम्बन्धित सहकारी वा उपभोक्ता समुह वा कृषक समुहले सुचना अवधि भित्र अर्गानिक मोडेल कृषि कार्यक्रम सञ्चालन गर्न गैर-सहकारी संस्थाको हकमा सञ्चालक समितिको अन्यको हकमा संस्थागत निर्णिय र विनिमय वा विधानको प्रतिलिपि

- अर्गानिक मोडेल कृषि कार्यक्रम सञ्चालन गर्ने अनुसुचि – ५ अनुसारको प्रस्तावना
- सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
- सहकारी र निजी फर्मको हकमा गत आ। व। को संस्थाको लेखा परीक्षण भएको प्रतिवेदन प्रतिलिपि
- सहकारी निजि फर्मको हकमा गत आ। व। सम्म कर बुझाएको वा कर भएको भए सम्बन्धित कार्यालयको प्रमाण
- सहकारी संस्थाको तर्फबाट कारोवारमा सहभागिताका लागि आधिकारिक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि
- जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि
- आवश्यक पूर्वाधार निर्माण तथा मेशिनरी औजार खरिदका लागि अनुदानग्राहीले व्यहोर्नु पर्ने लागतको अंश ब्यहोर्ने क्षमता तथा प्रतिबद्धता भएको प्रमाणित गर्ने कागजपत्रहरु ।

अनुसूचि – ४
(दफा ६ को उपदफा २(ख) सँग सम्बन्धित)

अर्गानिक मोडेल कृषि कार्यक्रम सञ्चालनका लागि निवेदन ढाँचा

मिति

विषयः अर्गानिक मोडेल कृषि कार्यक्रम सञ्चालनका लागि अनुदान रकम उपलब्ध गरि पाउँ ।

श्रीमान् .... ज्यु,
....

महोदय

हामी/म निम्न लिखित प्रस्तावना फारम (क) मा दरखास्त भएका व्यक्तीहरु/व्यक्ती वाट .... जिल्ला ....गा.पा./न.पा. वडा नं. .... मा पर्ने ....नामक गैर-सहकारी संस्था कृषि कम्पनी/कृषि फार्म/कृषि सहकारी / कृषकसमुह/ कृषी उद्यमीले अर्गानिक मोडेल कृषि कार्यक्रम सञ्चालनका लागि अनुदान रकमको आवश्यकता परेकोले रु. १० को टिकट टास गरि अनुसूचीमा संलग्न फारम भरि यो प्रस्तावमा पेश गरेका छौ/छु ।

निवेदक

गैर सहकारी संस्था /कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषक

अध्यक्ष/प्रतिनिधिको

दस्तखत

नामः
पदः
सम्पर्क फोन नं.
मितिः
संस्थाको छाप

अनुसूचि -५
(दफा ६ को उप-दफा २(ख) सँग सम्बन्धीत)

कार्ययोजना योजना प्रस्तावको ढाँचा

खण्ड १ : आवेदक संस्था / उद्यमीको सम्वन्धी विवरण

आवेदक संस्थाको	नाम...
आवेदकको पुरा ठेगाना	जिल्ला.......................... गा.पा./न.पा............................. वडा नं............. गाउँ/टोल...................................... ईमेल..................... टेलिफोन नं. ....
कार्यक्रम ठेगाना	१.सम्पर्क व्यक्तिको नाम................ २.टेलिफोन .... मोबाईल................. ३.फ्याक्स.............................. ४.इमेल................................
आवेदक संस्थाको किसिम/नाम (कुनै एक मात्र चिन्ह लगाउने)	१.कृषक समुह २. कृषिसहकारी ३. उद्यमि ४. समुह सहकारीमा आवद्व कृषक ५.अन्य खुलाउने (......................................)
संस्थाको स्थापना भएको मिति	गते/ महिना / वर्ष ....

सम्वन्धित सरकारी निकायमा संस्था दर्ता भएको	दर्ता नं........................... सस्था दर्ता गर्ने निकाय........................... मिति ....
भ्याट / प्यान दर्ता नं.	....
बैंक खाता विवरण	बैकको नाम : ठेगानाः खाता नं. खाता संचालकहरुको नामः

कार्यक्रमको सारांश

प्रस्तावित व्यवसायको नाम	
प्रस्ताव पेश गरेको कृषि मूल्य श्रृखला	
जम्मा लागत रु.	
अनुदान माग रु.	
स्वलगानी रु.	
कार्यक्रम सञ्चालन स्थल	जिल्लाः .... न.पा./गा.पा. .... वार्ड नं. स्थानः मोहडाः समुन्द्र सतहदेखि उचाई :........... मि
वर्तमान क्रियाकलापहरु	
प्रस्तावित कार्यक्रमको प्रमुख उद्वेश्य	• •
प्रस्तावित कार्यक्रमको मुख्य क्रियाकलाप	• •

खण्ड २ कार्यक्रमको विवरण

२.१ प्रस्तावित कार्यक्रम योजनाको भूमिका र पुष्टयाई

व्यवसायको नाम, मुख्य काम र प्रकृति, अवस्था,उपलब्धिहरु, कृषि सामग्रिको उपलब्धता, सम्भावित आम्दानी कृषकलाई प्रस्तावित कार्यक्रमबाट हुने फाइदाहरु उल्लेख गर्ने ।

२.२ समस्याका, अवसरहरु	
प्रस्तावित कार्यक्रमको प्रमुख तथा तिनमा आधारित क्रियाकलापहरु जसले समस्याहरुलाई खुकुलो बनाउँछ र अवसरहरुको उचित उपयोग ।	
समस्याहरु	अवसरहरु र मुल्य अभिवृद्धिका अवसरहरु,
१. २. ३.	
२.३ प्रस्तावित क्रियाकलापहरु बढिमा ५०० शब्दभित्र प्रतावित क्रियाकलापहरुको संक्षिप्त विवरण (के,कसरी, कस्ले, कहाँ गर्ने) क्रियाकलाप १ भकारो सुधार क्रियाकलाप २ जैविक मल क्रियाकलाप ३ जैविक विषादी क्रियाकलाप ४ रैथाने बाली संरक्षण संवर्द्धन	
२.४ नतिजा र प्रतिफल	
प्रतिफल सुचकहरु	कार्यक्रमको लक्ष्य
क्षेत्रफल	..........रोपनी
उत्पादन	...........संख्या, ... टन

उन्नत प्रविधि, उन्नत जात, मेशिनरी औजार तथा पूर्वाधारको उपयोग	मुख्य-मुख्य मेशिन औजार तथा जातको नाम, प्रकार तथा क्षमता उल्लेख गर्ने
विक्रि परिमाण बृद्धि	........टन/वार्षिक
आम्दानी बृद्धि	रु......../वार्षिक
रोजगारी बृद्धि	........जना स्वरोजगार, ...जना वर्षैभरी रोजगार, ... जना वा कार्यदिन आंशिक रोजगार

३.कार्य सञ्चालन क्षमता र अनुभव

३.१ अनुभव :

यसमा प्रस्तावकको प्रस्ताविक क्रियाकलाप गरेको अनुभवको अवधि,प्राप्त गरेको तालिमको विवरण, उत्पादन,बालि संरक्षण तथा व्यवस्थापन एवं बजारीकरण सम्बन्धी जानकारी, आपुर्तिकर्ता (कृषि, सामग्री आपुर्तीकर्ता), सेवा प्रदायक एवं विक्रेता बीचको सम्बन्ध आदि उल्लेख गर्नु पर्दछ ।

३.४ जनशक्ति

किसिम		संख्या	दलित	महिला	जनजाति	मधेशी	अन्य	पिछडिएको क्षेत्र
प्राविधिक	पूर्णकालीन							
	आंशिक							
व्यवस्थापकिय	पूर्णकालीन							
	आंशिक							
श्रमिक	वर्षभरी							
	आवश्यकता अनुसार							

४. उत्पादन तथा बजारीकरण योजनाः

क.सं.	उत्पादनको नाम	उत्पादन गर्ने महिना/ समय	उत्पादन परिमाण		बजारीकरण			
			इकाई	परिमाण	इकाई	परिमाण	दर रु	जम्मा
१								
२								
कुल जम्मा उत्पादन								

५.वित्तिय योजनाः

व्यवसायिक कृषि कार्यक्रमको क्रियाकलाप,बजेट तथा लागत साझेदारीको बिस्तृत बिवरण

सि.न.	कार्य बिबरण	इकाई	परिमाण	दर	जम्मा	लागत साझेदारी
			रकम रु.	माग गरेको अनुदान रु.	अनुदानग्राहीले	माग गरेको अनुदान रु.
क.	पूँजिगत खर्च (पूर्वाधार बिकास तथा मेशनरी)					
१.	भौतिक संरचना तथा	संख्या				

	बजार पूर्वाधार विकास					
१.१						
१.२						
१.३						
२.	सिंचाई पूर्वाधार/दाना व्यवस्थापन	संख्या				
२.१						
२.२						
२.३						
३.	मेशनरी औजार उपकरणहरु	संख्या				
३.१						
३.२						
३.३						
	पूँजिगत खर्च जम्मा(क)					
ख.	चालु खर्च					
४.	उत्पादन सामाग्रीहरु					
४.१						

४.२						
४.३						
५.	श्रम	कार्य दिन				
५.१	दक्ष श्रम	ब्य. दिन				
५.२	अदक्षश्रम संख्या					
६.	पारदर्शितता तथा सुशासन					
६.१	व्यवसायिक कृषि कार्यक्रमको संक्षिप्त विवरण लेखिएको सार्वजनिक सुचना पाटि	संख्या				
६.२	सार्वजनिक सुनुवाई	पटक				
६.३	व्यवसायिक कृषि कार्यक्रमको अन्तिम	संख्या				

	प्रतिवेदन तयारी					
	चालु खर्च जम्मा (ख)					
	व्यवसायिक कृषि कार्यक्रमको कुल खर्च (क+ख)					

नोटःभौतिक पूर्वाधारहरु निर्माणको लागि डिजाइन, लेआउट ईस्टिमेट मन्त्रालय वा अन्तर्गतका निकाय वा अन्य आधिकारिक निकायको आधिकारीक व्यक्तिले तयार गरेको हुनुपर्ने छ।

३.६ कार्यतालिकाः

क्रियाकलाप	अवधि (महिना)											
	१	२	३	४	५	६	७	८	९	१०	११	१२

३.७ जोखिम व्यवस्थापनः

जोखिमको तह	सम्भावित जोखिम	जोखिमको प्रकृति र व्यापकता	व्यवस्थापन रणनीति
पूर्वाधार निर्माण			

उत्पादन			
बजारीकरण			

३.८ वातावरणिय र सामाजिक व्यवस्थापनः

क्रियाकलाप	प्रभाव	न्युनिकरणका उपायहरु	अनुगमनका सुचकहरु	कैफियत
पूर्वाधार निर्माण				
उत्पादन				
बजारीकरण				

<u>स्व-घोषणा पत्र</u>

कृपया (√) चिन्ह लगाउनु होस् ।

हाम्रो संस्था कुनै राजनितिक संघ-सँगठन, विदेशी वा सरकारी स्वामित्वमा रहेका संस्थान वा धार्मिक समूह होइन ।	
हाम्रो संस्था वा अनुदान उपभोग गर्ने संस्थाका सदस्यहरु वा संस्थाबाट सञ्चालित व्यवसाय नेपाल वा अन्य कुनै देशको नियम-कानुनद्वारा मुद्दा-मामिलामा संलग्न रहेको छैन।	
हामी कारोवारमा टांट पल्टेको वा व्यवसायमा क्षतिग्रस्त भएको वा हाम्रो मामिला अदालतको अधिनस्थ रहेको वा साहुहरु बिच विवाद रहेको वा हाम्रो कारोवार कुनै पनि निकायद्वारा रोक्का गरिएको छैन ।	

हामी व्यवसायिक आचरणमा आरोपित, जालसाजी गरेको,भ्रष्टचारी ठहरिएको, अपराधिक समूह वा क्रियाकलापमा संलग्न भई गैर-जमानती वारेन्टमा रहेका छैनौ ।	
हामी कुनै गम्भिर एवं नकरात्मक प्रकृतिको पेशामा संलग्न छैनौ।	
हामीले कर तथा सामाजिक सुरक्षाको योगदानमा प्रचलित कानुन बमोजिम दायित्व पूरा गरेका छौ ।	
हामी कार्यक्रमको खरीद तथा अनुदान प्रकृयाको शर्तहरुको पूर्ण पालना गर्न सहमत छौ ।	
हामी आवेदन मुल्याङ्कन प्रकृयामा कुनै पनि कर्मचारीलाई प्रभावित गर्ने छैनौ।	
हामीले यस व्यवसायका लागि अन्य कुनै श्रोतबाट अनुदान प्राप्त गरेका छेनौ।	
हामी रसायनिक विषादि र रसायनिक मलको प्रयोग गर्ने छैनौ।	

माथि उल्लेखित विवरण वा जानकारी गलत प्रमाणित भएमा प्रचलित नियम कानुन अनुसार कारवाहीको भागिदार बन्ने स्व-घोषणा गर्दछौ ।

नाम,थरः

पदः

स्थाको नामः

संस्थाको छापः

अनुसूचि -६
दफा ८ सँग सम्बन्धित

प्रस्ताव मूल्यांकनका आधारहरु

क्र.स.	मुल्याङ्कनका आधारहरु	अधिकतम अङ्क	कैफियत
१	प्राविधिक ज्ञान,शिक्षा, अनुभव तथा तालिम	१०	
२	व्यवसायिक योजना	२०	
३	प्राविधिक पक्षहरु (सिंचाइ, हावापानी,प्रस्तावित व्यवसायको उपयुक्तता)	१५	
४	वित्तिय पक्षहरु(लागत सहभागिता,वित्तिय संस्थाको पहुंच)	१०	
५	उपज बजार सम्वन्धी पक्षहरु(सडक,विद्युत, बजार माग)	५	
६	लक्षित वर्ग(लैंगिक तथा सामाजिक समावेशिकरण)	५	
७	खेति प्रणालि व्यवस्थापकीय पक्षहरु(एकिकृत कृषि,अर्गानिक खेति प्रणालिको अवलम्वनको अवस्था)	१०	
८	स्थानिय स्रोत साधनको प्रयोग तथा रोजगारी सृजना	५	
९	नयाँ तथा स्थानीय सृजनशील प्रविधिको प्रयोग	५	
१०	रसायनिक मल तथा विषादिको प्रयोगको अवस्था	५	
११	रैथाने बाली,पशुपंक्षी	५	
१२	दिगोपना(प्राविधिक, आर्थिक, वातावतणीय तथा सामाजिक दिगोपना)	५	
	जम्मा	**१००**	

अनुसूचि -७
(दफा १० को उपदफा १ सँग सम्बन्धित)

सम्झौता पत्रको नमूना

यो सम्झौता पत्र .... कार्यालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिएको) र ....समुह/सहकारी संस्था/सञ्चालक समिति /उपभोक्ता समति .... गा. पा./न.पा. वडा नं. टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त बमोजिमको कुराहरुलई पालना गर्ने मञ्जुर गरिन्छ।

१. यो सम्झौता, सम्झौता भएको मिति............देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना /इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरी मिति २०७७ साल महिना गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

२. यस सम्झौता वमोजिमको अर्गानिक मोडेल कृषि कार्यक्रम सम्बन्धि कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ । दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

३. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न योजनाको प्रकृति अनुसार बढिमा ३ किस्ता वा एकमुष्ट रकम देहाय बमोजिम भुक्तानी गरिनेछ ।

१) सम्झौता भएपछि कार्ययोजना,पेश्कि मागको निवेदन, बैंक सुरक्षण वा बिस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्किको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,

२) ५०% कार्य सम्पन्न भएपछि सम्पूर्ण बिल भरपाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा ३०% पहिलो रनिङ्ग बिलको रुपमा भुक्तानी,

३) सबै कार्य सम्पन्न भइ कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी।

४. सम्झौता वमोजिमको कार्य सञ्चालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु.(अक्षरुपी...............................) र दोस्रो पक्षको लागत सहाभागिता रु. ....(अक्षरुपि.................................) व्यहोरिनेछ ।

५. दोस्रो पक्षले सम्झौता वमोजिमको अर्गानिक मोडेल कृषि कार्यक्रमका लागि सम्झौतामा समावेश गरिएको स्रोत वाहेक अन्य कुनै सरकारी ,गैर सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

७. पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्दा दोस्रो पक्षले निर्माण तथा मर्मत सम्भारको संरचनागत विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सूचना पाटी राख्नु पर्नेछ ।

८. दोस्रो पक्षले निर्माण कार्यको सार्वजनिक जानकारीका लागि public Audit गराउनु पर्नेछ।
९. सम्झौता बमोजिम अर्गानिक मोडेल कृषि कार्यक्रम सम्वन्धी कार्य सोहि आ.व भित्र सम्पन्न गर्नु पर्नेछ।
१०. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भएपछि यथाशिघ्र सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ ।
११. दोस्रो पक्षको लापरवाहिको कारणवाट कार्य सम्पन नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।
१२. दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम .... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इस्टिमेट अनुसार)पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।
१३. सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धी सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन अनुरुप संरचना हस्तान्तरण भैसकेपछि सो को मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।
१४. सम्झौता बमोजिमको कार्य गर्ने सम्वनधमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।
१५. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

पहिलो पक्ष	दोस्रो पक्ष
दस्तखत :	दस्तखतः
नामः	नामः
पदः	पदः
मितिः	मितिः

कार्यालयको छाप :	कार्यालयको छापः

रोहवर

दस्तखतः	दस्तखतः
नामः	नामः
ठेगानाः	ठेगानाः
मितिः	मितिः

आज्ञाले
नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

।